रिब्दीकोट गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
खस्यौली, पाल्पा
५ नं. प्रदेश

०७५६२००५५,०७५६९२३०७८
Email: info@ribdikotmun.gov.np
website: www.ribdikotmun.gov.np

मिति :–२०७५ /०६ /०२

## प्रेस विज्ञप्ति ।

नेपालको संविधान कार्यान्वयन भएको ३ वर्ष पुगेको उपलक्ष्य र सोही संविधानको अन्तरवस्तुको आधारमा क्रियाशिल स्थानीय सरकार सेवा प्रवाहका हिसावले शक्तिशालि, अधिकारसम्पन्न केन्द्र तथा प्रदेश सरकारसंग समन्वय, सहकार्य र सहअस्तित्वको माध्यमद्धारा स्थानीय जनताको अधिकतम हित, कल्याण र समृद्धिका लागि अहोरात्र खटिएको र खट्ने प्रतिबद्धता सहित यो महान अवसरमा सबै गाउँवासिमा गाउँपालिकाको तर्फबाट शुभकामना व्यक्त गर्दै हर्सोल्लासका साथ ३ दिनसम्म मनाउन आब्हान गर्दछौं । साथै गाउँपालिकाको तर्फबाट १९ सदस्यीय मूल समारोह समिति गठन गरी विभिन्न कार्यक्रम सहित मनाउने निर्णय भएकाले सवैको सहभागिताको अपेक्षा गर्दछौं ।

**कार्यक्रमः**

असोज २ गतेः ३:०० बजे सम्पूर्ण वडा कार्यालयहरु र गाउँपालिका परिसर सरसफाइ,
साँझ गाउँपालिका परिसर र सरकारी कार्यालयहरुको दिपावली गर्ने ।

असोज ३ गतेः विहान ८:०० बजे **श्री भवानी मा.वि. कुसुमखोलामा फरक क्षमता भएका विद्यार्थीहरुलाई ड्रेस, झोला र जुत्ता वितरण गर्ने कार्यक्रम ।**
**विहान ११:०० बजे नेपाल वार एसोसियसनबाट संविधानका विकासक्रम र संविधानको मुख्य मुख्य अन्तरवस्तु सम्बन्धि अन्तरक्रिया कार्यक्रम**
**दिउसो ३:०० बजे स्वास्थ्यकर्मी मञ्च र पत्रकारविच हुने मैत्रिपूर्ण फूटवल खेलमा सहभागि पठाउने ।**
साँझ गाउँपालिका परिसर र सरकारी कार्यालयहरुको दिपावली गर्ने ।

असोज ३ र ४ गतेः चितवनको नारायणघाटमा आयोजना हुने राष्ट्रिय लाखे महोत्सवमा **रिब्दीकोटबाट पालिकास्तरिय लाखे नाचलाई सहभागि हुन पठाउने** र सो को सहजिकरण र सहयोग गर्ने ।
साँझ गाउँपालिका परिसर र सरकारी कार्यालयहरुको दिपावली गर्ने ।

असोज ४ गतेः **रिब्दीकोट गाउँपालिकाको सिमाना क्षेत्रमा स्वागत तथा चिनारी वोर्ड स्थापित गर्ने** । साँझ गाउँपालिका परिसर र सरकारी कार्यालयहरुको दिपावली गर्ने ।

नारायण बहादुर जी.सी
अध्यक्ष
……………………
(नारायण बहादुर जी.सि.)
अध्यक्ष मूल समारोह समिति तथा गाउँपालिका अध्यक्ष